# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**मालसामान खरिद सम्बन्धी विद्युतीय दरभाउपत्र आव्हानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति:२०७७/०६/२१)

यस कार्यालयको चालु आ.व.०७७।०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित मालसामानहरु विद्युतीय दरभाउपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय दरभाउपत्र पेश गर्न इच्छुक फर्म तथा सप्लायर्सहरुबाट फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र तथा स्थानीय फर्मको हकमा नगरपालिकामा ब्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.०७६।०७७ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौ) दिनको १२.०० बजेभित्र यस कार्यालयमा विद्युतीय दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. योग्य सिलवन्दी दरभाउपत्रहरुले यस कार्यालयबाट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp बाट यस बोलपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२. दरभाउपत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लिखित बैंक सम्बन्धि विवरणमा दाखिला गरेको भौचर स्क्यान गरी ( pdf format) e-GP पोर्टलमा अपलोड गरी बोलपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov .np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**<u>बोलपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :</u>**

बैकको नाम: राष्ट्रिय वाणिज्य वैक शाखा ओखलढुंगा
कार्यालयको नाम: सिद्धिचरण नगरपालिका ओखलढुंगा
कार्यालय खाता नं.: २०७०१००३०१०१०००३

३.दरभाउपत्रदाताहरुले दरभाउपत्रहरु विद्युतिय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयका e-GP पोर्टल www.bolpatra.gov.np /egp मार्फत २०७७/०७/०६ गते दिनको १२.०० वजे सम्ममा पेश गर्नु पर्नेछ। उल्लेखित मिति र समय पछि प्राप्त कागजातहरु स्वीकार गरिने छैन ।

४. ताकिएको समय भित्र प्राप्त हुन आएका विद्युतिय दरभाउपत्रहरु उपस्थित हुन चाहने दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सोही दिन दिनको २.०० बजे यस यस कार्यालयमा खोलिने छ ।

५. दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००० ३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र गर्नु पेश गर्नु पर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्र मान्य हुने अवधि भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको सोहि समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

७. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यो सूचना र दरभाउपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरु प्रचलित कानून तथा सावर्जनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली ,२०६४ अनुसार हुनेछ ।

९. थप स्पेसिफिकेसनका लागी यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np/ र Bid Docupment मा उपलब्ध छ ।

| ठेक्का नं | विवरण | लागत अनुमान | दरभाउपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| ०५/०७७/७८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम मालसामान खरिद ( डेस्कटप कम्पूटर, प्रिन्टर, स्क्यानर तथा ( 4G Wireless Dongol ) | १२,६०,०००/- | १०००/- | ३१,५००/- |
| ०६/०७७/७८ | कार्यालय मसालन्द तथा छपाई सामाग्री खरिद | २०,००,०००/- | १०००/- | ५०,०००/- |

पुनश्चः यस कार्यालयको ठे.नं.३/०७७/०७८ र ठे.नं.४/०७७/०७८ को ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री सम्बन्धी मितिः२०७७/५/१६ मा प्रकाशित सिलबन्दी बोलपत्र पेश गर्ने बारेको सूचनाको म्यादभित्र कुनै पनि बोलपत्र पेश हुन नआएकोले बोलपत्र पेश गर्ने शर्तहरु सोही सूचनामा उल्लेख भए बमोजिम हुने गरी यो सूचना प्रकाशित मितिले १६ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुको जानकारीको लागि दोस्रो पटक सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

रामेश्वर खरेल
प्रमुख प्रशासकीय अधिकृत